## राष्ट्रिय योजना आयोगको सचिवालयको
## सूचना

यस सचिवालयका शाखा अधिकृतहरू श्री कृष्णगोविन्द ओझा, श्री बद्रीप्रसाद घिमिरे र श्री तुलसी न्यौपाने सेवा प्रवेश तालीममा भाग लिन जानु भएकोले उहाँहरू फर्की हाजिर हुनु नभएसम्मको लागि सो पदहरूमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी तल सहिछाप गर्ने अधिकारीले निम्न जुनियर एड्मिनिष्ट्रेटिभ असिष्टेण्ट (ना. सु.)हरूलाई मिति २०३०–८–१ देखि कायम मुकायम मुकरर गरेको छ ।

१. श्री रामलाल श्रेष्ठ
२. श्री शम्भुलाल प्रधान
३. श्री जगन्नाथ मास्के ।

गोरक्षबहादुर न्हुछे प्रधान
राष्ट्रिय योजना आयोगको सचिव

## राष्ट्रिय योजना आयोगको सचिवालयको
## सूचना

यस सचिवालय अन्तर्गत प्रादेशिक योजना कार्यालय, काठमाडौंको शाखा अधिकृत श्री विन्दुराज सिग्देल सेवा प्रवेश तालीममा भागलिन जानु भएकोले उहाँ फर्की हाजिर हुनु नभएसम्मको लागि सो पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी तल सहिछाप गर्ने अधिकारीले सोही कार्यालयका जुनियर एड्मिनिष्ट्रेटिभ असिष्टेण्ट (ना.सु.) श्री रुद्रलाल श्रेष्ठलाई मिति २०३०–८–१ देखि कायम मुकायम मुकरर गरेको छ ।

गोरक्षबहादुर न्हुछे प्रधान
राष्ट्रिय योजना आयोगको सचिव

## राष्ट्रिय योजना आयोगको सचिवालयको
## सूचना

यस सचिवालयका शाखा अधिकृत श्री केशरबहादुर के.सी. प्रादेशिक योजना कार्यालय काठमाडौंमा काजमा रहनु भएकोले उहाँ काजबाट फर्की हाजिर नभएसम्मको लागि सो पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी तल सहिछाप गर्ने अधिकारीले यस सचिवालयका जुनियर एड्मिनिष्ट्रेटिभ असिष्टेण्ट (ना.सु.) श्री ध्रुवराज पाण्डेलाई मिति २०३०–८–१ देखि कायम मुकायम मुकरर गरेको छ।

गोरक्षबहादुर न्हुछे प्रधान
राष्ट्रिय योजना आयोगको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।